# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०९ संख्याः ०२ मितिः २०८२।०४।०१

## भाग-१

सम्बत् २०८२ सालको ऐन नं २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँ सभाद्वारा पारित माछापुच्छ्रे गाउँपालिकाको **"विनियोजन ऐन, २०८२"** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# माछापुच्छ्रे गाउँपालिकाको विनियोजन ऐन २०८२

**प्रस्तावनाः** आर्थिक वर्ष २०८२।८३ को सेवा र कार्यहरुको लागि माछापुच्छ्रे गाउँपालिका, कास्कीको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम माछापुच्छ्रे गाउँपालिका, कास्कीको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " माछापुच्छ्रे गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन मिति २०८२ साल श्रावण १ गते बाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२।८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२।८३ मा गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित बजेट उपशीर्षकहरुको रकम ६७,९९,५१,०००।(अक्षरेपि सत्सठ्ठी करोड उनान्सय लाख एकाउन्न हजार रूपैया) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वित्तीय हस्तान्तरणबाट संचित कोषमा प्राप्त हुने अनुदानमा थप वा घट भई वा यस ऐन बमोजिम कार्यक्रम संशोधन भई वार्षिक बजेट रकम थप वा घट हुन गएमा सोही बमोजिमको रकम संञ्चित कोषबाट खर्च गर्न वाधा पर्ने छैन ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।८३ को निमित्त माछापुच्छ्रे गाउँपालिका, कास्कीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्ट भए बमोजिमका सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै खर्च शीर्षकमा बचत हुने र कुनै खर्च शीर्षकमा अपुग हुने भएमा गाउँ कार्यपालिकाले बचत हुने खर्च शीर्षकबाट अपुग हुने खर्च शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा(२) बमोजिम रकम सार्दा अपुग हुने शीर्षकमा विनियोजन भएको रकमको पच्चिस प्रतिशतमा  नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी खर्च शीर्षकबाट अर्को एक वा एकभन्दा बढी खर्च शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा

पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) पूँजीगत खर्च शीर्षकबाट चालू खर्च शीर्षकमा रकम सार्न सकिने छैन ।

(ख) चालु खर्चबाट पूँजीगत खर्च गर्न तथा पूँजीगत खर्च व्यहोर्न एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्न सकिन्छ ।

(४) उपदफा (३) बमोजिम पच्चिस प्रतिशतभन्दा बढी रकम कुनै एक शीर्षकबाट अर्को शीर्षकमा सार्नुपर्ने भएमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि खर्च शीर्षक नं. २८९११ र ३१५११ मा विनियोजन भएको रकम जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा सार्न तथा निकासा गर्न र खर्च जनाउन वाधा पर्ने छैन ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

(७) सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएको कुनै खर्च शीर्षकमा समावेश भएको रकम वाडँफाट गरी विभिन्न कार्यक्रममा खर्च गर्नको लागि गाउँ कार्यपालिकाको स्वीकृत गर्न सक्नेछ।

४. **<u>अख्तियारी :</u>**(१) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्न यो ऐन स्वीकृत भएको मितिले सात (७) दिनभित्र पालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम अख्तियारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र विषयगत शाखा प्रमुख वा वडा सचिवलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अख्तियारी प्रदान गर्न विषयगत शाखा वा वडा कार्यालयमा कम्तीमा अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन सम्बन्धी कर्मचारीको दरबन्दी रही पदपूर्ति भएको हुनुपर्नेछ ।

५. **<u>कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:</u>** (१) यस ऐन बमोजिम माछापुच्छ्रे गाँउपालिकाको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको योजना वा कार्यक्रम कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाले कार्यक्रम कार्यान्वयन निर्देशिका र मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशिकाको मस्यौदा तयार गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्नु सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मस्यौदा तयार गर्दा विषयगत शाखा, वडा कार्यालय ,विषयगत समिति र कार्यान्वयन गर्ने निकाय सँग राय लिन सकिनेछ ।

(४) उपदफा (१) बमोजिमका निर्देशिका र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

६**. बाधा अडकाउ फुकाउन सक्नेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**आज्ञाले**

**(केशव सुवेदी)**

**प्रमुख प्रशासकीय अधिकृत**